| 2208.50.९१ | प्रति लिटर रु.१३२५।– प्रति एल.पि. लिटर रु.१५६०।– | प्रति लिटर रु.१५९२।– प्रति एल.पि. लिटर रु.१८७२।– | बढेको |
| 2208.50.९२ | प्रति लिटर रु.९९०।– प्रति एल.पि. लिटर रु.१३२०।– | प्रति लिटर रु.११८८।– प्रति एल.पि. लिटर रु.१५८४।– | बढेको |
| 2208.50.९३ | प्रति लिटर रु.९२०।- प्रति एल.पि. लिटर रु.१३१५।- | प्रति लिटर रु.११०५।- प्रति एल.पि. लिटर रु.१५७८।- | बढेको |
| 2208.50.९९ | प्रति लिटर रु.१३२५।– प्रति एल.पि. लिटर रु.१५६०।– | प्रति लिटर रु.१५९२।– प्रति एल.पि. लिटर रु.१८७२।– | बढेको |
| 2208.60.10 | प्रति लिटर रु.1६५।- | प्रति लिटर रु.1९८।- | बढेको |
| 2208.60.९१ | प्रति लिटर रु.१३२५।– प्रति एल.पि. लिटर रु.१५६०।– | प्रति लिटर रु.१५९२।– प्रति एल.पि. लिटर रु.१८७२।– | बढेको |
| 2208.60.९२ | प्रति लिटर रु.९९०।– प्रति एल.पि. लिटर रु.१३२०।– | प्रति लिटर रु.११८८।– प्रति एल.पि. लिटर रु.१५८४।– | बढेको |
| 2208.60.९३ | प्रति लिटर रु.९२०।- प्रति एल.पि. लिटर रु.१३१५।- | प्रति लिटर रु.११०५।- प्रति एल.पि. लिटर रु.१५७८।- | बढेको |
| 2208.60.९९ | प्रति लिटर रु.१३२५।– प्रति एल.पि. लिटर रु.१५६०।– | प्रति लिटर रु.१५९२।– प्रति एल.पि. लिटर रु.१८७२।– | बढेको |
| 2208.70.10 | प्रति लिटर रु.1६५।- | प्रति लिटर रु.1९८।- | बढेको |
| 2208.70.9१ | प्रति लिटर रु.१३२५।– प्रति एल.पि. लिटर रु.१५६०।– | प्रति लिटर रु.१५९२।– प्रति एल.पि. लिटर रु.१८७२।– | बढेको |
| 2208.70.92 | प्रति लिटर रु.९९०।– प्रति एल.पि. लिटर रु.१३२०।– | प्रति लिटर रु.११८८।– प्रति एल.पि. लिटर रु.१५८४।– | बढेको |
| 2208.70.93 | प्रति लिटर रु.९२०।- प्रति एल.पि. लिटर रु.१३१५।- | प्रति लिटर रु.११०५।- प्रति एल.पि. लिटर रु.१५७८।- | बढेको |
| 2208.70.9९ | प्रति लिटर रु.१३२५।– प्रति एल.पि. लिटर रु.१५६०।– | प्रति लिटर रु.१५९२।– प्रति एल.पि. लिटर रु.१८७२।– | बढेको |
| 2208.90.10 | प्रति लिटर रु.1६५।- | प्रति लिटर रु.1९८।- | बढेको |

| | | | |
|---|---|---|---|
| 2208.90.9१ | प्रति लिटर रु.१३२५।– प्रति एल.पि. लिटर रु.१५६०।– | प्रति लिटर रु.१५९२।– प्रति एल.पि. लिटर रु.१८७२।– | बढेको |
| 2208.90.9२ | प्रति लिटर रु.९९०।– प्रति एल.पि. लिटर रु.१३२०।– | प्रति लिटर रु.११८८।– प्रति एल.पि. लिटर रु.१५८४।– | बढेको |
| 2208.90.9३ | प्रति लिटर रु.९२०।- प्रति एल.पि. लिटर रु.१३१५।- | प्रति लिटर रु.११०५।- प्रति एल.पि. लिटर रु.१५७८।- | बढेको |
| 2208.90.9४ | प्रति लिटर रु.४६५।– प्रति एल.पि. लिटर रु.७७०।– | प्रति लिटर रु.५५५।– प्रति एल.पि. लिटर रु.९२४।– | बढेको |
| 2208.90.9५ | प्रति लिटर रु.३७५।– प्रति एल.पि. लिटर रु.७५०।– | प्रति लिटर रु.४५०।– प्रति एल.पि. लिटर रु.९००।– | बढेको |
| 2208.90.9६ | प्रति लिटर रु.३५।– प्रति एल.पि. लिटर रु.११५।– | प्रति लिटर रु.४२।– प्रति एल.पि. लिटर रु.१३८।– | बढेको |
| 2208.90.9९ | प्रति लिटर रु.१३२५।– प्रति एल.पि. लिटर रु.१५६०।– | प्रति लिटर रु.१५९२।– प्रति एल.पि. लिटर रु.१८७२।– | बढेको |
| 2401.10.00 | प्रति कि.ग्रा. रु.९५।- | प्रति कि.ग्रा. रु.११८।- | बढेको |
| 2401.20.00 | प्रति कि.ग्रा. रु.९५।- | प्रति कि.ग्रा. रु.११८।- | बढेको |
| 2401.30.00 | प्रति कि.ग्रा. रु.९५।- | प्रति कि.ग्रा. रु.११८।- | बढेको |
| 2402.10.00 | प्रति खिल्ली रु.१७।- | प्रति खिल्ली रु.२१।- | बढेको |
| 2402.20.10 | प्रति एम रु.४९५।– | प्रति एम रु.६१८।– | बढेको |
| 2402.20.21 | प्रति एम रु.1१३५।- | प्रति एम रु.1४१८।- | बढेको |
| 2402.20.22 | प्रति एम रु.1४७५।- | प्रति एम रु.1८४३।- | बढेको |
| 2402.20.23 | प्रति एम रु.1९२०।- | प्रति एम रु.२४००।- | बढेको |
| 2402.20.24 | प्रति एम रु.२७१५।- | प्रति एम रु.३३९३- | बढेको |
| 2402.90.10 | प्रति एम रु.90।- | प्रति एम रु.9४।- | बढेको |
| 2402.90.20 | प्रति खिल्ली रु.1७।- | प्रति खिल्ली रु.२१।- | बढेको |
| 2402.90.९० | प्रति खिल्ली रु.1७।- | प्रति खिल्ली रु.२१।- | बढेको |
| २४०३.११.०० | प्रति कि.ग्रा. रु.१३३५।- | प्रति कि.ग्रा. रु.१६६८।- | बढेको |
| 2403.19.10 | प्रति कि.ग्रा. रु.१३३५।- | प्रति कि.ग्रा. रु.१६६८।- | बढेको |
| 2403.19.20 | प्रति कि.ग्रा. रु.2७५।- | प्रति कि.ग्रा. रु.३४३।- | बढेको |
| 2403.19.90 | प्रति कि.ग्रा. रु.2७५।- | प्रति कि.ग्रा. रु.३४३।- | बढेको |

| | | | |
|---|---|---|---|
| 2403.91.00 | प्रति कि.ग्रा. रु.335।- | प्रति कि.ग्रा. रु.४१८।- | बढेको |
| 2403.99.10 | प्रति कि.ग्रा. रु.६५०।- | प्रति कि.ग्रा. रु.८१२।- | बढेको |
| 2403.99.20 | प्रति कि.ग्रा. रु.335।- | प्रति कि.ग्रा. रु.४१८।- | बढेको |
| 2403.99.30 | प्रति कि.ग्रा. रु.335।- | प्रति कि.ग्रा. रु.४१८।- | बढेको |
| २४०३.९९.९१ | प्रति कि.ग्रा. रु.१०००।- | प्रति कि.ग्रा. रु.१२००।- | बढेको |
| २४०३.९९.९९ | प्रति कि.ग्रा. रु.३३५।- | प्रति कि.ग्रा. रु.४१८।- | बढेको |
| 8517.70.00 | 5 | १० | बढेको |
| 8518.29.00 | १० | १५ | बढेको |
| ~~8418.10.00~~ | ~~5~~ | ~~5~~ | हटाइएको |
| ~~8418.21.00~~ | ~~5~~ | ~~5~~ | हटाइएको |
| ~~8418.29.00~~ | ~~5~~ | ~~5~~ | हटाइएको |
| ~~8418.30.00~~ | ~~5~~ | ~~5~~ | हटाइएको |
| ~~8418.40.00~~ | ~~5~~ | ~~5~~ | हटाइएको |
| ~~8418.50.00~~ | ~~5~~ | ~~5~~ | हटाइएको |
| ~~8509.40.00~~ | ~~5~~ | ~~5~~ | हटाइएको |
| ~~8509.80.00~~ | ~~5~~ | ~~5~~ | हटाइएको |
| ~~8509.90.00~~ | ~~5~~ | ~~5~~ | हटाइएको |
| ~~८७०२.४०.४१~~ | ~~४०~~ | ~~४०~~ | हटाइएको |
| ~~८७०२.४०.४९~~ | ~~४०~~ | ~~४०~~ | हटाइएको |
| ~~८७०३.८०.११~~ | ~~५~~ | ~~५~~ | हटाइएको |
| ~~८७०३.८०.१९~~ | ~~५~~ | ~~५~~ | हटाइएको |
| ~~८७०३.८०.२१~~ | ~~६~~ | ~~६~~ | हटाइएको |
| ~~८७०३.८०.२९~~ | ~~६~~ | ~~६~~ | हटाइएको |
| ~~८७०३.८०.३१~~ | ~~१०~~ | ~~१०~~ | हटाइएको |
| ~~८७०३.८०.३९~~ | ~~१०~~ | ~~१०~~ | हटाइएको |

| | | | |
|---|---|---|---|
| ~~८७०३.८०.४१~~ | ~~१५~~ | ~~१५~~ | हटाइएको |
| ~~८७०३.८०.४२~~ | ~~१५~~ | ~~१५~~ | हटाइएको |
| ~~८७०३.८०.५१~~ | ~~४५~~ | ~~४५~~ | हटाइएको |
| ~~८७०३.८०.५२~~ | ~~४५~~ | ~~४५~~ | हटाइएको |
| ~~८७०३.८०.६१~~ | ~~५२.५~~ | ~~५२.५~~ | हटाइएको |
| ~~८७०३.८०.६२~~ | ~~५२.५~~ | ~~५२.५~~ | हटाइएको |
| ~~८७०३.८०.७१~~ | ~~६०~~ | ~~६०~~ | हटाइएको |
| ~~८७०३.८०.७२~~ | ~~६०~~ | ~~६०~~ | हटाइएको |
| ~~८७०३.८०.९१~~ | ~~६०~~ | ~~६०~~ | हटाइएको |
| ~~८७०३.८०.९२~~ | ~~६०~~ | ~~६०~~ | हटाइएको |
| ~~८७०४.९०.२०~~ | ~~५~~ | ~~५~~ | हटाइएको |
| ~~८७०४.९०.३०~~ | ~~५~~ | ~~५~~ | हटाइएको |

## ५. कृषि सुधार शुल्क तर्फ

- उपशीर्षक 1001.91.00 मा पर्ने गहुँको बीउ र 1001.99.00 मा पर्ने गहुँमा 9 प्रतिशतको सट्टा ५ प्रतिशत गरिएको, उपशीर्षक 1001.91.00 मा पर्ने गहुँको बीउमा बीउ बीजन गुणस्तर नियन्त्रण केन्द्रको सिफारिसमा पैठारी हुँदा एक प्रतिशत कृषि सुधार शुल्क लाग्ने ।

## ६. मू.अ.कर तर्फ

अनुसूची- १ मा संशोधनः मूल ऐनको अनुसूची- १ को,-

(१) समूह १ को-

(क) **"उपशीर्षक 1904.90.00 (--धानको भुजा तथा चिउरा)"** भन्ने शब्दहरुको सट्टा **"उपशीर्षक 1904.90.10 (---धानको भुजा तथा चिउरा)"** भन्ने शब्दहरु राखिएका छन्।

(ख) शीर्षक 19.04 पछि **"शीर्षक २१.०6 को उपशीर्षक 2106.90.94 (----सोयाबडी मस्यौरा)"** भन्ने शब्दहरु थपिएका छन्।

(ग) **द्रष्टव्यको बुँदा नं. (१क.) झिकिएको छ।**

(२) समूह ३ को शीर्षक 03.05 अन्तर्गत रहेका **"उपशीर्षक 0305.59.00 (---अन्य)"** भन्ने शब्दहरु झिकिएका छन्।

(३) समूह ४ को-

(क) **"उपशीर्षक 3923.10.90 (---अण्डा राख्ने क्रेट)"** भन्ने शब्दहरुको सट्टा **"उपशीर्षक 3923.10.20 (---अण्डा राख्ने क्रेट)"** भन्ने शब्दहरु राखिएका छन्।

(ख) **"उपशीर्षक 3808.99.00 (--मुसानासक उत्पादन)"** भन्ने शब्दहरुको सट्टा **"उपशीर्षक 3808.99.10 (---मुसानासक उत्पादन)"** भन्ने शब्दहरु राखिएका छन्।

(ग) **"उपशीर्षक 4819.10.00 (--अण्डा राख्ने क्रेट)"** भन्ने शब्दहरुको सट्टा **"उपशीर्षक 4819.10.10 (---अण्डा राख्ने क्रेट)"** भन्ने शब्दहरु राखिएका छन्।

(४) समूह ५ को-

(क) **"उपशीर्षक 2804.40.00 (-अक्सिजन ग्याँस)"** भन्ने शब्दहरुको सट्टा **"उपशीर्षक 2804.40.10 (---मेडिकल ग्रेड ) र (--- अन्य)"** भन्ने शब्दहरु राखिएका छन्।

(ख) **"उपशीर्षक 3824.99.90 (--- डाइलाइसिसमा प्रयोग हुने बाथ कन्सेन्ट्रेट (ठोस वा तरल))"** भन्ने शब्दहरुको सट्टा **"उपशीर्षक 3824.99.20 (--- मृगौलाका बिरामीको उपचारमा प्रयोग हुने ठोस वा तरल डाइलाइसिस बाथ कन्सेन्ट्रेट)"** भन्ने शब्दहरु राखिएका छन्।

(ग) **"उपशीर्षक 8711.20.90 (--- अपाङ्गता भएका व्यक्तिले प्रयोग गर्ने गरी बनाइएको स्कुटर)"** भन्ने शब्दहरुको सट्टा **"उपशीर्षक 8711.20.91 (---50 सि.सि. नाघेको तर 155 सि.सि. ननाघेको अपाङ्गता भएका व्यक्तिले प्रयोग गर्ने गरी बनाइएको स्कुटर) र "उपशीर्षक 8711.20.99 (---155 सि.सि. नाघेको तर 250 सि.सि. ननाघेको अपाङ्गता भएका व्यक्तिले प्रयोग गर्ने गरी बनाइएको स्कुटर)"** भन्ने शब्दहरु राखिएका छन्।

(घ) द्रष्टव्यको,-

(अ) बुँदा नं. (२) को सट्टा देहायको बुँदा नं. (२) राखिएको छः-

**"(२) रक्त सञ्चार सेवाको लागि आवश्यक पर्ने नेपाल रेडक्रस सोसाइटीले पैठारी गर्ने रगत राख्ने प्लाष्टिकका थैला (9018.90.20), ट्रान्सफ्युजन सेट (9018.90.90), रिएजेन्ट (3822.00.00) तथा रक्त परीक्षण रिएजेण्ट निर्माणको लागि आवश्यक पर्ने विभिन्न औजार उपकरणहरु एवं रसायनहरू।"**

(आ) बुँदा नं. (४) मा रहेका **"ब्रेल नोट टेकर (8471.30.00)"** भन्ने शब्दहरुको सट्टा **"ब्रेल नोट टेकर (8471.30.90)"** भन्ने शब्दहरु, **"आवाज दिने थर्मोमिटर (9025.19.00)"** भन्ने शब्दहरुको सट्टा **"आवाज दिने थर्मोमिटर (9025.19.90)"** भन्ने शब्दहरु राखिएको र **"ब्रेलो (ब्रेल प्रिन्टर)"** भन्ने शब्दहरु पछि **उपशीर्षक (8443.31.00)"** भन्ने शब्दहरु थपिएका छन्।

(इ) बुँदा नं. (५) को सट्टा देहायको बुँदा नं. (५) राखिएको छः-

"(५) **औषधि व्यवस्था विभागको सिफारिसमा** औषधि उद्योगले पैठारी गर्ने

भाग २८, २९ र ३८ मा पर्ने कच्चा पदार्थ, सहायक कच्चा पदार्थ र रासायनिक पदार्थ; **शीर्षक ११.०८ का सबै उपशीर्षकमा पर्ने माड (स्वेतसार), उपशीर्षक १३०२.१९.०० मा पर्ने जडिबुटीका सार, शीर्षक १५.२१ मा पर्ने मौरीको वनस्पति तथा अन्य मैन, उपशीर्षक १७०१.१४.९० मा पर्ने उखुको अन्य चिनी, उपशीर्षक १७०२.११.०० मा पर्ने ल्याक्टोज, उपशीर्षक १७०२.३०.१० र १७०२.३०.२० मा पर्ने ग्लुकोज, उपशीर्षक १७०२.३०.३० मा पर्ने डेक्स्ट्रोज र उपशीर्षक १७०२.९०.९० मा पर्ने फ्रुक्टोज वा अन्य चिनी, उपशीर्षक १९०५.९०.४० मा पर्ने औषधि भर्न हुने खाली क्याप्सुल (एम्टी क्यासे), उपशीर्षक २२०७.१०.१० र २२०७.२०.९० मा पर्ने इथानोल, उपशीर्षक २२०७.१०.२० र २२०७.२०.१० मा पर्ने रेक्टिफाइड स्प्रिट, उपशीर्षक २५१९.९०.०० मा पर्ने म्याग्नेसियम अक्साइड, शीर्षक २७.१२ मा पर्ने हवाइट सफ्ट प्याराफिन र पेट्रोलियम जेली, शीर्षक ३२.०३ र ३२.०४ का सबै उपशीर्षकमा पर्ने रङ्ग, शीर्षक ३२.०५ मा पर्ने कोटिङ्ग मेटेरियल्स, उपशीर्षक ३३०१.९०.०० मा पर्ने एसेन्सियल आयल, उपशीर्षक ३३०२.९०.०० मा पर्ने सुगन्धयुक्त तत्व, शीर्षक ३४.०२ मा पर्ने टिवइन ८० सोडियम लौरेल सल्फेट, उपशीर्षक ३४०४.२०.०० र ३४०४.९०.०० मा पर्ने मैन, उपशीर्षक ३५०१.९०.०० मा पर्ने सोडियम केसिनेट, उपशीर्षक ३५०७.९०.०० मा पर्ने इन्जाइम, उपशीर्षक ३९०५.९९.०० मा पर्ने पोलिभिनायल पिरालोडोन (भिनायल एसिटेड) एसिटेड, उपशीर्षक ३९०६.९०.०० मा पर्ने कारबोमर्स, उपशीर्षक ३९१०.००.०० मा पर्ने प्राथमिक रुपका सिलिकनहरु, शीर्षक ३९.१२ मा पर्ने माइक्रोक्रिस्टिलाइन सेलुलोज, शीर्षक ३९.१४ मा पर्ने को-पोलिमर टेष्ट मेकिङ्ग, उपशीर्षक ४०१४.९०.०० मा पर्ने रबर स्टोपर, उपशीर्षक ४८२१.१०.०० मा पर्ने लेबल, उपशीर्षक ७०१०.१०.०० मा पर्ने एम्पुल, उपशीर्षक ७६१२.१०.०० मा पर्ने आल्मोनियमका लचकदार ट्युव तथा उपशीर्षक ८३०९.९०.1० मा पर्ने पी.पी.क्याप; शीर्षक ३९.२०, ३९.२१ र ४८.१९ का सबै उपशीर्षक एवं उपशीर्षक ३९२३.१०.१०, ३९२३.१०.९०, ३९२३.३०.९०, ३९२३.५०.००, ७०१०.९०.००, ७६०७.११.००, ७६०७.१९.००, ७६०७.२०.०० र ९६०२.००.०० मा पर्ने प्याकिङ मेटेरियल तथा उपशीर्षक ३९२६.९०.९९ मा पर्ने १५ एम.एल. सम्म क्षमताका मेजरिङ्ग कपहरू** तथा इन्ट्रा ओकुलर लेन्स (आइ.ओ.एल.) उत्पादनमा प्रयोग गर्ने कच्चा पदार्थ, सहायक कच्चा पदार्थ र रासायनिक पदार्थ।

(ई) बुँदा नं. (१०) मा **"उपशीर्षक ९०१८.९०.०० मा पर्ने हेमो डायलाइसिस मेशिन, डाइलासिस रिप्रोसेसर, डायलाइजर र यसको ट्यूविङ्गस"** भन्ने शब्दहरुको सट्टा **"उपशीर्षक ९०१८.९०.90 मा पर्ने हेमो डायलाइसिस मेशिन, डाइलासिस रिप्रोसेसर, डायलाइजर र यसको ट्यूविङ्ग;"** भन्ने शब्दहरु, **"उपशीर्षक**

**९४०२.९०.०० मा पर्ने डाइलासिस बेड तथा कुर्सी"** भन्ने शब्दहरुको सट्टा **"उपशीर्षक ९४०२.९०.90 मा पर्ने डाइलासिस बेड तथा कुर्सी;"** भन्ने शब्दहरु, **"उपशीर्षक ९०१८.९०.०० मा पर्ने भिडियो स्कोप, क्याथल्याव, हर्ट लङ्ग मेशिन र डिफ्रीब्रिलेटर"** भन्ने शब्दहरुको सट्टा **"उपशीर्षक ९०१८.९०.90 मा पर्ने भिडियो स्कोप, क्याथल्याव, हर्ट लङ्ग मेशिन र डिफ्रीब्रिलेटर;"** भन्ने शब्दहरु, **"उपशीर्षक ९०१८.१९.०० मा पर्ने फ्लो साइटोमिटर, नेक्स्ट जेनेरेशन सिक्वेन्सर, प्रोटिन माइक्रोएरी प्लेटर्फम र मल्टिप्लेक्स रियल टाइम पि.सी.आर."** भन्ने शब्दहरुको सट्टा **"उपशीर्षक ९०१८.१९.90 मा पर्ने फ्लो साइटोमिटर, नेक्स्ट जेनेरेशन सिक्वेन्सर, प्रोटिन माइक्रोएरी प्लेटफर्म र मल्टिप्लेक्स रियल टाइम पि.सी.आर."** भन्ने शब्दहरु राखिएका र **"हेमाटोलोजी एनालाइजर, ब्लड केमेष्ट्री एनालाइजर, क्लिनिकल केमेष्ट्री एनालाइजर र इम्यूनोकेमेष्ट्री एनालाइजर"** भन्ने शब्दहरु अघि **"उपशीर्षक ९०27.80.10 मा पर्ने"** भन्ने शब्दहरु थपिएका छन्।

(ठ) बुँदा नं. (११) को अन्त्यमा रहेका **"उपशीर्षक 9004.90.00 मा पर्ने प्रोटेक्टिभ गगल्स"** भन्ने शब्दहरु पछि "उपशीर्षक 2804.40.१0 मा पर्ने मेडिकल ग्रेड अक्सिजन (लिक्विड एण्ड ग्यास्यिस अक्सिजन), उपशीर्षक 9019.20.९0 मा पर्ने हेल्मेटस् फर नन्-इनभेसिभ भेन्टिलेटर्स, उपशीर्षक 7311.00.10 मा पर्ने अक्सिजन सिलिन्डर, लिक्विड अक्सिजन कन्टेनर, लिक्विड अक्सिजन ट्याङ्क, अक्सिजन क्यानिस्टर, आई एस ओ कन्टेनर्स् फर सिपिङ्ग अक्सिजन र क्रोजेनिक रोड ट्रान्सपोर्ट ट्याङ्क फर अक्सिजन, उपशीर्षक 8421.39.10 मा पर्ने भ्याक्युम प्रेसर स्विङ्ग एडजोर्प्सन (भि.पि.एस.ए.), प्रेसर स्विङ्ग एडजोर्प्सन (पि.एस.ए.) अक्सिजन प्लान्ट्स्, र क्रोजेनिक अक्सिजन एयर सेपेरेसन युनिट्स (ए.एस.यु.), उपशीर्षक 8481.80.२0 मा पर्ने अक्सिजन सिलिन्डर भल्भ, उपशीर्षक 9018.31.00 मा पर्ने सिरिन्ज पम्प, इन्फ्युजन पम्प, उपशीर्षक 9018.39.00 मा पर्ने हाइ फ्लो नेसल क्यानुला, र उपशीर्षक 9018.19.२0 मा पर्ने आइ.सि.यु मनिटर, उपशीर्षक 9019.20.10 मा पर्ने अक्सिजन कन्सन्ट्रेटर; उपशीर्षक 9019.20.20 मा पर्ने भेन्ट्युरी मास्क, रिजर्भ्वायर मास्क, भेन्टिलेटर मास्क र नन् इन्भेसिभ भेन्टिलेटर मास्क; उपशीर्षक 9019.20.90 मा पर्ने भेन्टिलेटर सर्किट, अक्सिजन कनेक्टर्स एण्ड ट्युबिङ्ग, ह्युमिडिफायर्स् एण्ड भाइरल फिल्टर्स् फर भेन्टिलेटर्स, ओरो-नेसल मास्क एण्ड नेसल मास्क फर नन् इन्भेसिभ भेन्टिलेटर्स्; उपशीर्षक 8422.30.00 मा पर्ने अक्सिजन फिलिङ्ग सिस्टम; उपशीर्षक 8405.10.00

मा पर्ने अक्सिजन जेनेरेटर कम्प्रेसर, ट्युबिङ्ग, उपशीर्षक 9026.80.१० मा पर्ने अक्सिजन फ्लोमिटर र अक्सिजन रेगुलेटर्स, र उपशीर्षक 9402.90.१० मा पर्ने आइ.सि.यु.बेड, उपशीर्षक ९०२७.८०.१० मा पर्ने ब्लड ग्यॉंस एनालाइजर" भन्ने शब्दहरु थपिएका छन्।

(ऊ) बुँदा नं. (११) पछि देहायको बुँदा नं. (१२) थपिएको छः-

**"(१२) आयुर्वेद तथा वैकल्पिक चिकित्सा विभागको सिफारिसमा आयुर्वेदिक औषधि उत्पादन गर्ने उद्योगले आयुर्वेदिक औषधि उत्पादन गर्न पैठारी गर्ने कच्चा पदार्थ।"**

(७) समूह ११ को खण्ड (अ) को-

(क) **"उपशीर्षक ८४१३.७०.९० (--ब्याट्रीबाट चल्ने पानी तान्ने पम्प (डि.सी. पम्प))"** भन्ने शब्दहरुको सट्टा **"उपशीर्षक ८४१३.७०.९९ (----ब्याट्रीबाट चल्ने पानी तान्ने पम्प (डि.सी. पम्प))"** भन्ने शब्दहरु राखिएका छन्।

(ख) **"उपशीर्षक ८४१९.२०.०० (-औषधीय (मेडिकल), शल्यचिकित्सा सम्बन्धी (सर्जिकल) वा प्रयोगशाला सम्बन्धी (लेबोरेटरी) विसंक्रामकहरु (स्टेरिलाइजर्स))"** भन्ने शब्दहरुको सट्टा **"उपशीर्षक ८४१९.२०.१० (---अटोक्लेभ्स) र उपशीर्षक ८४१९.२०.९० (---अन्य औषधीय (मेडिकल), शल्यचिकित्सा सम्बन्धी (सर्जिकल) वा प्रयोगशाला सम्बन्धी (लेबोरेटरी) विसंक्रामकहरु (स्टेरिलाइजर्स))"** भन्ने शब्दहरु राखिएका छन्।

(ग) **"उपशीर्षक ८४१९.८९.०० (--अन्य)"** भन्ने शब्दहरुको सट्टा **"उपशीर्षक ८४१९.८९.१०(---कुलिङ्ग टावर) र उपशीर्षक ८४१९.८९.९० (---अन्य)"** भन्ने शब्दहरु राखिएका छन्।

(घ) **"उपशीर्षक ८५१४.१०.३० (---शवदाह मेशिन)"** भन्ने शब्दहरुको सट्टा **"उपशीर्षक ८५१४.30.10 (-शवदाह मेशिन)"** भन्ने शब्दहरु राखिएका छन्।

(ङ) **"उपशीर्षक ८७०२.१०.४० (--एम्बुलेन्स र शव वाहन)"** भन्ने शब्दहरुको सट्टा **"उपशीर्षक ८७०२.१०.४९ (---- एम्बुलेन्स र शव वाहन)"** भन्ने शब्दहरु राखिएका छन्।

(च) **"उपशीर्षक ८७०२.२०.४० (--एम्बुलेन्स र शव वाहन)"** भन्ने शब्दहरुको सट्टा **"उपशीर्षक ८७०२.२०.४९ (---- एम्बुलेन्स र शव वाहन)"** भन्ने शब्दहरु राखिएका छन्।

(छ) **"उपशीर्षक ८७०२.३०.४० (--एम्बुलेन्स र शव वाहन)"** भन्ने शब्दहरुको सट्टा **"उपशीर्षक ८७०२.३०.४९ (---- एम्बुलेन्स र शव वाहन)"** भन्ने शब्दहरु राखिएका छन्।

(ज) **"उपशीर्षक ८७०२.४०.४० (--एम्बुलेन्स र शव वाहन)"** भन्ने शब्दहरुको सट्टा **"उपशीर्षक ८७०२.४०.४९ (---- एम्बुलेन्स र शव वाहन)"** भन्ने शब्दहरु राखिएका छन्।

(झ) **"उपशीर्षक ८७०२.९०.४० (--एम्बुलेन्स र शव वाहन)"** भन्ने शब्दहरुको सट्टा **"उपशीर्षक ८७०२.९०.४९ (---- एम्बुलेन्स र शव वाहन)"** भन्ने शब्दहरु राखिएका छन्।

(ञ) **"उपशीर्षक ८७०३.२१.९० (--एम्बुलेन्स र शव वाहन)"** भन्ने शब्दहरुको सट्टा

**"उपशीर्षक ८७०३.२१.९९ (----एम्बुलेन्स र शव वाहन)"** भन्ने शब्दहरु राखिएका छन्।

(ट) **"उपशीर्षक ८७०३.२२.०० (--सिलिण्डर क्षमता १००० सी.सी नाघेको तर १५०० सी.सी ननाघेको एम्बुलेन्स र शव वाहन)"** भन्ने शब्दहरुको सट्टा **"उपशीर्षक ८७०३.२२.९० (---सिलिण्डर क्षमता १००० सी.सी. नाघेको तर १५०० सी.सी. ननाघेको एम्बुलेन्स र शव वाहन)"** भन्ने शब्दहरु राखिएका छन्।

(ठ) **"उपशीर्षक ८७०३.२३.०० (--सिलिण्डर क्षमता १५०० सी.सी. नाघेको तर ३००० सी.सी. ननाघेको एम्बुलेन्स र शव वाहन)"** भन्ने शब्दहरुको सट्टा **"उपशीर्षक ८७०३.२३.१९ (----सिलिण्डर क्षमता १५०० सी.सी. नाघेको तर २००० सी.सी. ननाघेको एम्बुलेन्स र शव वाहन)", "उपशीर्षक ८७०३.२३.२९ (----सिलिण्डर क्षमता २००० सी.सी. नाघेको तर २५०० सी.सी. ननाघेको एम्बुलेन्स र शव वाहन)" र "उपशीर्षक ८७०३.२३.३९ (----सिलिण्डर क्षमता २५०० सी.सी. नाघेको तर ३००० सी.सी. ननाघेको एम्बुलेन्स र शव वाहन)"** भन्ने शब्दहरु राखिएका छन्।

(ड) **"उपशीर्षक ८७०३.२४.०० (--सिलिण्डर क्षमता ३००० सी.सी. नाघेको एम्बुलेन्स र शव वाहन)"** भन्ने शब्दहरुको सट्टा **"उपशीर्षक ८७०३.२४.९० (---सिलिण्डर क्षमता ३००० सी.सी. नाघेको एम्बुलेन्स र शव वाहन)"** भन्ने शब्दहरु राखिएका छन्।

(ढ) **"उपशीर्षक ८७०३.३१.०० (--सिलिण्डर क्षमता १५०० सी.सी. ननाघेको एम्बुलेन्स र शव वाहन)"** भन्ने शब्दहरुको सट्टा **"उपशीर्षक ८७०३.३१.९० (---सिलिण्डर क्षमता १५०० सी.सी. ननाघेको एम्बुलेन्स र शव वाहन)"** भन्ने शब्दहरु राखिएका छन्।

(ण) **"उपशीर्षक ८७०३.३२.०० (--सिलिण्डर क्षमता १५०० सी.सी. नाघेको तर २५०० सी.सी. ननाघेको एम्बुलेन्स र शव वाहन)"** भन्ने शब्दहरुको सट्टा **"उपशीर्षक ८७०३.३२.१९ (----सिलिण्डर क्षमता १५०० सी.सी. नाघेको तर २००० सी.सी. ननाघेको एम्बुलेन्स र शव वाहन)" र "उपशीर्षक ८७०३.३२.२९ (----सिलिण्डर क्षमता २००० सी.सी. नाघेको तर २५०० सी.सी. ननाघेको एम्बुलेन्स र शव वाहन)"** भन्ने शब्दहरु राखिएका छन्।

(त) **"उपशीर्षक ८७०३.३३.०० (--सिलिण्डर क्षमता २५०० सी.सी. नाघेको एम्बुलेन्स र शव वाहन)"** भन्ने शब्दहरुको सट्टा **"उपशीर्षक ८७०३.३३.९० (---सिलिण्डर क्षमता २५०० सी.सी. नाघेको एम्बुलेन्स र शव वाहन)"** भन्ने शब्दहरु राखिएका छन्।

(थ) **"उपशीर्षक 8449.00.90 (--- अन्य)"** भन्ने शब्दहरुको सट्टा **"उपशीर्षक 8449.00.20 (---अन्य मेसिन) र 8419.00.90 (--- पार्टपुर्जा)"** भन्ने शब्दहरु राखिएका छन्।

(४) समूह ११ को खण्ड (आ) को-

(क) बुँदा नं. (१) पछि देहायको बुँदा नं. (१क) थपिएको छः-

**"(१क) उपशीर्षक 8479.89.60 मा पर्ने साइलो र साइलोमा गरिने कृषि पैदावार**

**भण्डारण बापतको सेवा।"**

(ग) बुँदा नं. ६ को (क) मा **"उपशीर्षक 8516.60.00"** भन्ने शब्दहरुको सट्टा **"उपशीर्षक 8516.60.11, 8516.60.1२ र 8516.60.19"** भन्ने शब्दहरु राखिएका छन्।

(घ) बुँदा नं. १२ मा रहेका **"सोसँग सम्बन्धित पार्टपुर्जा"** भन्ने शब्दहरु पछि **"तथा त्यस्ता उपकरण निर्माण गर्न आवश्यक पर्ने कच्चा पदार्थ (स्टील सिट)"** भन्ने शब्दहरु थपिएका छन्।

## ६. अन्य परिवर्तनहरु:

- **स्वास्थ्य जोखिम कर:-** विदेशबाट पैठारी हुने र स्वदेशमा उत्पादित बिँडीमा प्रति खिल्ली पच्चीस पैसा चुरोट र सिगारमा प्रति खिल्ली पचास पैसा र खाने सुर्ती, खैनी, गुट्खा, पान मसलामा प्रति किलोग्राम चालीस रुपैयाँका दरले समदरमा स्वास्थ्य जोखिम कर लाग्ने।

## ७. भन्सार ऐन २०६४ मा भएको परिवर्तन:

(१) दफा १८ को उपदफा (६) पछि देहायको उपदफा (७) थपिएको छः–

"(७) यस दफा बमोजिम पैठारी हुने मालवस्तुको प्रज्ञापनपत्र भरी पेश गर्दा मालवस्तुको प्रकृति अनुसार ब्राण्ड, मोडेल, आकार, नाप, एकाई, उत्पादक कम्पनी र मालवस्तुको पहिचान हुने यस्तै अन्य विवरण समेत उल्लेख गरी घोषणा गर्नु पर्नेछ।"

(२) दफा ३४ को सट्टा देहायको दफा ३४ राखिएको छः–

"३४. <u>जाँचपासपछि परीक्षण गर्न सकिनेः</u> (१) निकासी वा पैठारी भएको मालवस्तुको सम्बन्धमा देहायका कुराहरु यकीन गर्नका लागि महानिर्देशक वा भन्सार परीक्षकले कुनै निकासीकर्ता वा पैठारीकर्ताको मालवस्तु खरिद, बिक्री, निकासी वा पैठारी सम्बन्धी खाता, स्रेस्ता अभिलेख वा अन्य यस्तै कागजात, बैङ्क अभिलेख, कम्प्यूटर प्रणाली लगायत निजको व्यवसायसँग सम्बन्धित सम्पूर्ण अभिलेख परीक्षण गर्न सक्नेछ:-

(क) दफा १८ को उपदफा (७) बमोजिम मालवस्तु घोषणा गरे नगरेको,

(ख) घोषणा बमोजिम मालवस्तु भए नभएको,

(ग) मालवस्तुको भन्सार मूल्य यथार्थ भए नभएको,

(घ) मालवस्तुको वर्गीकरण उपशीर्षक ठीक भए नभएको,

(ङ) मालवस्तु निकासी वा पैठारी गर्दाका बखत प्रचलित कानून बमोजिम बुझाउनु पर्ने महसुल बुझाए नबुझाएको,

(च) यस ऐन वा अन्य प्रचलित ऐन बमोजिम पूर्ण वा आंशिक भन्सार महसुल छुट वा सुविधामा पैठारी गरेका मालवस्तु उद्देश्य बमोजिम प्रयोग भए नभएको र सम्बन्धित व्यक्तिले पैठारी गरे नगरेको,

(छ) मालवस्तु पैठारी गर्दा प्रज्ञापनपत्र, खरिद बीजक वा पैठारी सम्बन्धी अन्य कागजातमा उल्लेख गरेका नाप, आकार, एकाई र निजको खरिद खाता, बिक्री खाता, बिक्री बीजकमा उल्लेख गरिएका नाप, आकार र एकाईमा एकरुपता भए नभएको।

(२) उपदफा (१) बमोजिम परीक्षण गर्दा मालवस्तुको भन्सार मूल्य फरक परेको वा वस्तु वर्गीकरण उपशीर्षक फरक परेको वा प्रचलित कानून बमोजिम लाग्ने महसुल छुटेको कारणले कम महसुल असुल भएको देखिएमा महानिर्देशक वा भन्सार परीक्षकले त्यसरी कम असुल भएको महसुल असुल गरी सोही महसुल बराबर जरिबाना गर्नेछ।

(३) उपदफा (१) बमोजिम परीक्षण गर्दा निकासी वा पैठारी गरेको मालवस्तु घोषणा गरेको भन्दा भिन्न पाइएमा वा परिमाण घटी घोषणा गरेको पाइएमा र सो कारणले घटी महसुल असुल भएको देखिएमा महानिर्देशक वा भन्सार परीक्षकले त्यसरी

फरक घोषणा वा परिमाण घटी गरे बापत लाग्ने महसुल असुल गरी दफा ५७ बमोजिम जरिबाना गर्नेछ।

(४) उपदफा (१) बमोजिम परीक्षण गर्दा सो उपदफाको खण्ड (क) बमोजिम घोषणा नगरी पैठारी गरेको पाइएमा महानिर्देशक वा भन्सार परीक्षकले त्यस्तो मालवस्तुको भन्सार मूल्यको पाँच प्रतिशत जरिबाना गर्नेछ।

तर मालवस्तुको प्रकृति अनुसार खुलाउन नसकिने किसिमका विवरण नखुलाएको आधारमा यस उपदफा बमोजिम जरिबाना गरिने छैन।

(५) उपदफा (१) बमोजिम परीक्षण गर्दा सो उपदफाको खण्ड (च) बमोजिमको महसुल छुट सुविधा उद्देश्य विपरीत प्रयोग गरेको वा सम्बन्धित व्यक्तिले पैठारी नगरेको पाइएमा महानिर्देशक वा भन्सार परीक्षकले दफा ५७ को उपदफा (२०) बमोजिम जरिबाना गर्नेछ।

(६) उपदफा (१) बमोजिम परीक्षण गर्दा सो उपदफाको खण्ड (छ) बमोजिम मालवस्तुको नाप, आकार र एकाईमा एकरुपता नभएको पाइएमा महानिर्देशक वा भन्सार परीक्षकले त्यस्तो मालवस्तुको भन्सार मूल्यको पाँच प्रतिशत जरिबाना गर्नेछ।

(७) यस दफा बमोजिम परीक्षण गर्दा महसुल वा जरिबाना असुल गर्नुपर्ने देखिएमा महानिर्देशक वा भन्सार परीक्षकले महसुल र जरिबाना निर्धारण गरी सम्बन्धित निकासीकर्ता वा पैठारीकर्तालाई सोको जानकारी दिई सफाई पेश गर्न पन्ध्र दिनको म्याद दिनु पर्नेछ।

(८) उपदफा (७) बमोजिम जानकारी प्राप्त गरेपछि सम्बन्धित व्यक्तिले पन्ध्र दिनभित्र सफाई पेश गर्नु पर्नेछ।

(९) उपदफा (८) बमोजिम सफाई पेश भएमा सफाई पेश भएपछि वा सफाई पेश नभएमा सफाई पेश गर्ने म्याद नाघेपछि महानिर्देशक वा भन्सार परीक्षकले अन्तिम महसुल र जरिबाना निर्धारण गरी सम्बन्धित निकासीकर्ता वा पैठारीकर्तालाई सो बमोजिमको रकम दाखिला गर्ने आदेश दिनेछ। महसुल वा जरिबाना निर्धारण गर्नु पर्ने नदेखिएमा सोको जानकारी सम्बन्धित निकासीकर्ता वा पैठारीकर्तालाई दिनु पर्नेछ।

(१०) उपदफा (९) बमोजिम आदेश प्राप्त गरेको मितिले पैंतीस दिनभित्र त्यस्तो आदेश प्राप्त गर्ने व्यक्तिले सोही आदेशमा तोकिए बमोजिमको रकम दाखिला गर्नु पर्नेछ। उक्त अवधिभित्र रकम दाखिला नगरेमा त्यस्तो महसुल तथा जरिबाना दाखिला गर्ने आदेश दिएको मितिदेखि वार्षिक पन्ध्र प्रतिशतका दरले व्याज समेत गणना गरी असुल गरिनेछ।

(११) उपदफा (१०) बमोजिम बुझाउनु पर्ने रकम नबुझाएमा निकासीकर्ता वा पैठारीकर्ताको निकासी वा पैठारी लगायतका कारोबार तथा चल अचल सम्पत्ति रोक्का गरी महानिर्देशक वा भन्सार परीक्षकले सोही सम्पत्तिबाट त्यस्तो रकम असुल गर्नेछ।

(१२) उपदफा (११) बमोजिम रकम असुल हुन नसकेमा त्यस्तो रकम सरकारी बाँकी सरह असुल गरिनेछ।

(१३) महानिर्देशक वा भन्सार परीक्षकले यस दफाको प्रयोजनका लागि आवश्यक देखेमा बैङ्क वा वित्तीय संस्था एवं निकासीकर्ता वा पैठारीकर्ताको कारोबारसँग सम्बन्धित अन्य कुनै व्यक्ति वा निकायबाट सम्बन्धित निकासीकर्ता वा पैठारीकर्ता, निजको कारोबार वा मालवस्तुसँग सम्बन्धित भुक्तानी, बैङ्क खाता, नाफा नोक्सानको हिसाब, कर विवरण, बीजक र यस्तै अन्य कागजात माग गर्न सक्नेछ। त्यसरी माग गरिएको हिसाब, कर विवरण, बीजक तथा कागजात उपलव्ध गराउनु सम्बन्धित व्यक्ति वा निकायको कर्तव्य हुनेछ।

(१४) उपदफा (१) बमोजिम परीक्षण गर्दा महानिर्देशक वा भन्सार परीक्षकले प्रमाण बुझ्न, सम्बन्धित व्यक्तिलाई बयान गराउन तथा लिखत, प्रमाण वा कागजात पेश गर्न लगाउन सक्नेछ।

(१५) उपदफा (१४) को प्रयोजनका लागि महानिर्देशक वा भन्सार परीक्षकले व्यक्तिगत वा सार्वजनिक रुपमा सूचना जारी गर्न सक्नेछ।

(१६) उपदफा (१५) बमोजिम जारी गरिएको सूचनाको म्यादभित्र उपस्थित नहुने वा माग भएबमोजिम लिखत, प्रमाण वा कागजात पेश नगर्ने निकासीकर्ता वा पैठारीकर्तालाई महानिर्देशक वा भन्सार परीक्षकले दफा ५७ को उपदफा (१५क) बमोजिम जरिबाना गरी निजको निकासी वा पैठारी सम्बन्धी कारोबार रोक्का गरी उपलव्ध भएसम्मका लिखत, प्रमाण वा कागजातका आधारमा परीक्षण गर्न सक्नेछ।

(१७) उपदफा (१६) बमोजिम परीक्षण गरिसकेपछि सो निकासीकर्ता वा पैठारीकर्ताका सम्बन्धमा पछि थप प्रमाण कागजात प्राप्त भएमा त्यस्ता प्रमाण कागजातका आधारमा यस दफा बमोजिम पुनः परीक्षण गर्न सकिनेछ।

(१८) यस दफा बमोजिमको परीक्षण मालवस्तु जाँचपास भएको मितिले चार वर्षसम्म गर्न सकिनेछ।

तर कुनै निकासीकर्ता वा पैठारीकर्ताले झुट्ठा लिखत वा कागजात तयार गरी प्रचलित कानून बमोजिम लाग्ने भन्दा कम महसुल दाखिला गरेको प्रमाणित भएमा भन्सार परीक्षकले महानिर्देशकको अनुमति लिई चार वर्षपछि समेत परीक्षण गर्न सक्नेछ।

(१९) यस दफा बमोजिम निकासीकर्ता वा पैठारीकर्तालाई महानिर्देशक वा भन्सार परीक्षकले दिने सूचना वा म्याद वा सफाई पेश गर्ने सूचना वा महसुल र जरिबाना दाखिला गर्ने आदेश सम्बन्धित व्यक्तिको इमेल ठेगानामार्फत पठाउन सक्नेछ। त्यसरी इमेल ठेगानामा पठाइएको सूचना, जानकारी वा आदेश निजले प्राप्त गरेको मानिनेछ।"

(३) दफा ६२ को उपदफा (१) मा रहेका "दण्ड सजायको आदेश वा गरेको निर्णय वा" भन्ने शब्दहरु पछि "दफा ३४ बमोजिम महानिर्देशक वा भन्सार परीक्षकले महसुल वा जरिबानाको रकम दाखिला गर्न दिएको आदेश वा" भन्ने शब्दहरु थपिएका छन्।

(४) दफा ८९ख. को सट्टा देहायको दफा ८९ख. को,-

(क) उपदफा (१) को सट्टा देहायको उपदफा (१) राखिएको छः-

"(१) कुनै पनि व्यक्तिले निकासी वा पैठारी सङ्केत नम्बर नलिई मालवस्तु निकासी वा पैठारी गर्न पाइने छैन।

तर तोकिए बमोजिमको व्यक्तिले निकासी वा पैठारी सङ्केत नम्बर नलिई निकासी वा पैठारी गर्न सक्नेछ।"

(ख) उपदफा (६) पछि देहायको उपदफा (७) थपिएको छः-

"(७) निकासी पैठारी सङ्केत नम्बर सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।"

(५) दफा ८९घ. पछि देहायको दफा ८९ङ. थपिएको छः-

"८९ङ. राष्ट्रिय एकद्वार प्रणालीबाट कार्य गर्न सकिने: (१) नेपाल सरकारले अन्तर्राष्ट्रिय व्यापारलाई व्यवस्थित गर्न राष्ट्रिय एकद्वार प्रणाली (नेशनल सिङ्गल विण्डो) को विकास गरी कार्यान्वयनमा ल्याउन कुनै निकायलाई तोक्न सक्नेछ।

(२) उपदफा (१) बमोजिमको निकाय नतोकिएसम्मको लागि राष्ट्रिय एकद्वार प्रणालीको कार्यान्वयन विभागले गर्नेछ।

(३) उपदफा (१) बमोजिम नेपाल सरकारले विकास गरेको राष्ट्रिय एकद्वार प्रणालीमा निकासी वा पैठारीसँग सम्बन्धित निकायलाई आबद्ध गरिनेछ।

(४) यस ऐन वा अन्य प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि राष्ट्रिय एकद्वार प्रणालीमा आबद्ध निकासी वा पैठारीसँग सम्बन्धित निकायले उपदफा (१) बमोजिमको प्रणालीमार्फत कार्य गर्नु पर्नेछ।

(५) राष्ट्रिय एकद्वार प्रणाली सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।"

(६) दफा ९३ को खण्ड (छ) पछि देहायको खण्ड (छ१) थपिएको छः-

"(छ१) राष्ट्रिय एकद्वार प्रणाली सञ्चालन सम्बन्धी,"